# आ.ब. २०७७/०७८ को
# नीति तथा कार्यक्रम

सुनिलस्मृति गाउँपालिका
रोल्पा जिल्ला
प्रदेश नं ५
२०७७/०३/१०

सुनिल स्मृति गाउँपालिकाको आठौ गाउँसभाका अध्यक्ष ज्यू,

गाउँसभाका सदस्यहरु,

विभिन्न राजनितिक दलका प्रमुख एंव प्रतिनिधि ज्यूहरु,

संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरु,

समाजसेवी तथा वुद्धिजीवीहरु,

पत्रकार, सुरक्षाकर्मी,

सम्पुर्ण कर्मचारीहरु तथा

उपस्थित सम्पुर्ण बुबा, आमा, दाजु भाई तथा दिदीवहिनीहरु,

हाम्रो देश नेपाल छ दशक लामो अथक प्रयास पश्चात देशले जनताबाट निर्वाचित जनप्रतिनिधी मुलक निकाय संविधान सभाबाट संविधान पाएको र संविधान जारी संगै राजतैतिक रुपमा देशले नयाँ उचाई हासिल गरेको छ । एकात्मक र केन्द्रिकृत राज्य प्रणालिलाई अन्त्य गर्दै संघीय लोकतान्त्रीक ढाचाँमा राज्य पुन संरचना सहित नयाँ संविधानको सफल कार्यान्वयन गर्दै देशले समग्र आर्थिक तथा सामाजिक र भौगोलिक विकास गर्ने सिङ्गो मानव विकास क्षेत्रमा विकासको फट्को मार्नु अहिलेको आवश्यक रहेको ठान्दछु ।

लोकतन्त्रका लाभहरु समानुपातिक समावेशी र न्यायोचित वितरण गर्दै कानुनीराज्य र दिगो विकासको अवधारणा अनुरुप समाजवाद उन्मुख संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन प्रणाली र स्थानिय सासन पद्धतिलाई सुदृढि गर्दै स्थानिय सरकार विद्यायिकी र न्यायीक अभ्यासलाई संस्थागत गर्न स्थानिय सरकारको रुपमा रहेको यस सुनिलस्मृति गाउँपालिका हरदम प्रयासरत भएको व्यहोरा सवैमा अवगत गराउदछु आर्थिक वर्ष २०७७/०७८ को यस गरिमामय आठौं गाँउसभामा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा निकै हर्षित र गौरवान्वित भएको छु ।

देशलाई यस स्थितमा ल्याइ पु-याउन आफ्नो प्राण उत्सर्ग गर्ने ज्ञात, अज्ञात सम्पुर्ण महान सहीदहरु, जनयुद्ध र जनआन्दोलनका घाइतेहरु, द्वन्द्वपीडितहरु, बेपत्ता पारिएका तथा देशमा गणतन्त्र र संघीयता स्थापना गर्न अहम भुमिका खेल्ने सम्पुर्ण व्यक्तिहरुलाई हृदयदेखि सम्मान सहित सम्झन चाहन्छु ।

अध्यक्ष महोदय,

अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा हस्तान्तरण गरी तल्लो निकायलाई अधिकारसम्पन्न बनाउने प्रयास गरिएको छ, जुन स्वागतयोग्य छ । संघीयता र स्थानीय सरकार मार्फत गाउँगाउँमा सिंहदरबार, आफ्नो गाउँ , शहर, बस्ती, टोल आफैं बनाउँ जस्ता कार्यक्रमहरुलाई मुर्तरुप दिने जिम्मेवारी हाम्रो काँधमा आएको व्यहोरा विधितै छ । यो हाम्रो लागि अवसर र चुनौति दुवै हो ।
अव म छैठौं गाउँ सभावाट पारित मुख्य मुख्य निति तथा कार्यक्रम र वजेटको समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. सडक निर्माण र स्तरउन्नतीको सम्वन्धमा गाउँपालिकाको सवै वडा वस्तीहरुमा ट्रयाक खोलिएको र धेरैजसो सडकहरु स्तरउन्नती, ग्राभिल र सवै वडामा वस सञ्चालनका लागि प्रकृया अगाडि बढाइएको व्यहोरा सम्मानित सभा समक्ष जानकारी गराउन चाहान्छौ ।

२. यस गाउँपालिकाको प्रमुख पेशाको रुपमा रहेको कृषि क्षेत्र लाई व्यवसायिक र आधुनिकि करण गर्ने सन्दर्भमा सोही अनुसारका कार्यक्रम तय गरी ठाउ अनुसारको पकेट क्षेत्र घोषणा तथा युवा लक्षित कार्यक्रम तयारी गरिएको छ वडा नं. ३ मिझिङ र वडा नं ७ तेबाङ सामुहिकय कृषि व्यवसाय सुरुवात गरिएको छ, अगुवा कृषक तथा कृषक समुहहरुलाई हाते ट्याटर, कुटानी/पिसानी मिलहरु कृषकहरुलाई ५० प्रतिशत अनुदानमा वितरण तथा कृषि कार्यदल ९ सदस्यीय कृषि कार्यदल गठन गरि सवै वडामा कृषि सम्बन्धि छलफल तथा निष्कर्षबाट कार्यदलले प्रतिवेदन पेश गरेको छ सोहि प्रतिवेदनका आधारमा क्रमश कार्यान्वयन गरिदै लगिने छ ।

३. स्वच्छ खानेपानीमा नागरिकको पहुँच बृद्धि गर्न एक घर एक धाराको निति अनुसार कार्यक्रम गर्न वडाहरुबाट कार्यान्वयन शुरुबात गरिएको छ । वढ्दै गएको शहरीकरण लाई व्यवस्थित गर्न फोहरमैला व्यवस्थापनको लागि फोहरमैला संकलन केन्द्रको लागि जग्गा खरिद गर्न बजेटको व्यवस्था गरीएको छ ।

४. शिक्षा क्षेत्रको गुणस्तर वृद्धिको लागि विद्यालय व्यवस्थापन समितिका अध्यक्षज्यूहरु प्रध्यानाध्यापक ज्यूहरु, विभिन्न राजनैतिक दल प्रमुख तथा प्रतिनिधि ज्यूहरु, समाजसेवी शिक्षा विद एवं बुद्धिजीवीहरु लगायत शिक्षा क्षेत्रका सवै सरोकारवालाहरुको उपस्थितिमा विद्यालय शिक्षाको गुणस्तर सुधारको

अन्तरक्रिया, कक्षा ३ सम्मको वसाई व्यवस्थापन, भवन, सौचालय, खानेपानी घेराबार निर्माण सवै माध्यामिक विद्यालयहरुमा **"विद्यार्थीसँग गाउँपालिका अध्यक्ष"** कार्यक्रम सञ्चालन, वडा स्तरिय कक्षा ५ को परिक्षा सम्पन्न तथा गाउँपालिका स्तरिय कक्षा ८ को बार्षिक परिक्षामा गाउँपालिका प्रथम, द्धतिय र तृतिय हुने विद्यालय, शिक्षक, विद्यार्थी र सम्बन्धि विषय शिक्षकहरुलाइ पुरुष्कारको व्यवस्था, शिक्षा समितिलाई सहयोगका लागि ९ सदस्य विज्ञ समिति गठन, कक्षा अवलोकन, तत्काल शिक्षक अभिभावसंग छलफल तथा अंग्रेजि गणित र विज्ञान विषय शिक्षकहरुलाई तालिमको समेत व्यवस्था गरिएको छ । सशर्त अनुदानवाट तोकिएका कार्यक्रमहरु सम्पन्न गरिएको छ ।

५. स्वास्थ्य क्षेत्रको सुधारका लागि वित्तिय समानीकरण र सशर्तअनुदान समेतवाट औषधी खरिद गरी निःशुल्क वितरणको लागि नियमित आपूर्ति गरिएको छ । गाउँपालिका भित्र कम्तिमा १५ शैयाको अस्पताल निर्माणको लागि प्रदेश र केन्द्रमा समेत पहल गरि जग्गा प्राप्त प्रकृया अगाडि बढाइ १५ शैयाको अस्पताल निर्माणको लागि अगाडि बढाइएको छ । खुंग्रि स्वास्थ्य चौकिको नयाँ भवन निर्माण पछि सुविधा सम्पन्न भवनबाट नियमित सेवा दिइदै आइएको छ, वडा नं. ५, वडा नं. ७ र वडा नं. ८ मा स्वास्थ्य चौकि भवन निर्माण प्रंकृयालाई अगाडि बढाइएको छ । सन् २०२२ सम्म गाउँपालिकालाई पूर्ण सरसफाई यूक्त वनाउने प्रतिवद्धता व्यक्त गरे अनुसार खाद्य सुरक्षा वहुक्षेत्रिय पोषण, पश्चिम नेपाल ग्रामिण खानेपानी तथा सरसफाई परियोजनाका क्रियाकलापहरु अन्तिम चरणमा पुगेका छन भने विश्वभर फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) रोकथाम तथा नियन्त्रणका लागि सवै वडा र वस्तीहरुमा सन्देश मुलक प्रचारप्रसार रोल्पा जिल्ला प्रवेशद्धार चतुर्भुज, वडा नम्वर १ को घोडागाउँ र वडा नम्वर ४ को काधधारामा हेल्थ डेस्क निर्माण गरि गाउँपालिका वा जिल्ला प्रवेश गर्नुहुने आम नागरिकहरुको स्वास्थ्य चेकजाँच तथा परामर्श गरि गाउँपालिका तथा जिल्ला भित्रने नागरिकहरुको रेकर्ड र पहिचान गर्दै सवै वडाहरुमा क्वारेन्टाइनको व्यवस्था सुलिचौर र खुङ्ग्रिमा आइसुलेसन र क्वारेन्टाइन तयार गरि प्रत्यक्ष स्वास्थ्यकर्मीको निगरानिमा राखि भित्रिएका नागरिकहरुको उपचार गरिदै आएको छ, वर्थिङ सेन्टर सुदृढि गर्नका लागि स्वास्थ्य चौकि घोडागाउँ, तेबाङ र अरेशमा रु ५ लाख

वरावरको वर्थिङ सेन्टरमा आवश्यक सामाग्रि उपलब्ध गराइ सेवा सञ्चालनमा ल्याएको छ । गर्भवती महिलाहरुलाई नि:शूल्क स्वास्थ्य चेकजाँचका लागि **"गर्भवती आमासँग उपाध्यक्ष"** कार्यक्रम सञ्चालनमा ल्याएको छ । अरेश, तेबाङ र घोडागाउँ स्वास्थ चौकीलाई व्यवस्थित बनाउनका लागि सौर्य उर्जा जडान सम्पन्न भएको छ । कोरोनाले महामारी रुप लिन नदिन र रोकथामको लागि देश भित्रबाट आएका ३६६ व्यक्तिहरुको RDT र भारत तथा तेश्रो मुलुकबाट आएका ८८६ नागरिहरुको RDT र PCR गरि कोरोनाको पहिचान गरिएको छ । ३५ जनामा कोरोना संक्रमण देखिएको छ ।

६. जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको हकमा परिचय पत्र वितरण शिविर सञ्चालनमा सम्पन्न गरिएको छ ।

७. गाउँपालिका भित्रका विभिन्न टोल वस्तिहरुमा पुगि जनताको गुनासो, सल्लाह, सुझाव माग र सम्बोधनका लागि सञ्चालित **"वस्तिवस्तिमा अध्यक्ष"** कार्यक्रमले जनतासँग सरकार र सरकार संग जनतासँग प्रत्येक्ष भेटगर्ने आ-आफ्नो कुरा सुन्ने, सुनाउने र हल गर्ने भरोसा पैदा गरेको छ ।

८. गाउँपालिकाबाट हुने विभिन्न गतिविधि आम नागरिक समक्ष पु-याउनका लागि **"जनतासँग सुनिलस्मृति गाउँपालिका"** रेडियो कार्यक्रम र पत्रपत्रिकाहरुबाट नियमित कार्यक्रमहरु सञ्चालनमा ल्याइएको छ । जसले सरकारी क्रियाकलाप सुनेर देखेर र पढेर सूचनाको हकबाट सशक्त गर्ने कोसिस गरिएको छ ।

९. गाउँपालिका र वडा कार्यालयलाई सूचना प्रविधिमैत्री वनाईएको छ ।

१०. लक्षित समुहको विकासका लागि सिप विकास तालिम र विभिन्न आय आर्जनका कार्यक्रमहरु अगाडी वढाइएको छ ।

११. २५ वर्षे दिर्घकालिन सोच सहितको प्रथम पञ्चवर्षीय आवधिक योजना निर्माण गरिएको छ ।

१२. गाउँपालिका भित्र रहेका फुसका छाना विस्थापन गरी जस्ताको छाना वनाउने अभियानका साथ सुरु वर्ष रु. १ करोडवाट शुरु गरिएको फुसको छाना विस्थापन **"गरिवलाई छानो"** कार्यक्रममा गत आ.व.मा गाउँपालिकाबाट १ करोड र प्रदेश सरकारको १ करोड गरि २ करोड र यस आवमा गाउँपालिकाको १ करोडको बोलपत्र आव्हान गरी जस्तापाता सम्बन्धित वडामा पु-याइ ७ सय घरमा वितरण गर्ने कार्य अगाडि बढाइएको छ ।

१३. आम जनतालाई सुशासनको प्रत्याभुति दिन नागरिक वडापत्र निर्माण आर्थिक क्रियाकलाप लगायत सवै गतिविधिमा पारदर्शिता, कानुनको शासन र भ्रष्टाचार नियन्त्रणलाई प्राथमिकता साथ कार्यन्वयन गरिएको छ ।

१४. राष्ट्रका लागि खेल, स्वास्थ्यका लागि खेल भन्ने मूल नाराका साथ अन्य स्थानमा संचालित खेलकुद जस्तै माडि गाउँपालिका अध्यक्ष कप र प्रदेश खेलकुद प्रतियोगिता कार्यक्रममा भाग लिई विभिन्न पदकहरु प्राप्त गर्न सफल भएको छ जसबाट खेलकुदको विकासमा टेवा पुगेको छ भने विभिन्न क्लवहरुको वार्षिक उत्सव र खेलक्षेत्रको गतिविधिलाई अघि बढाइएको छ ।

१५. बिकास निर्माणका कार्यलाई व्यवस्थित गर्न र संघ र प्रदेश बाट अनुदान वृद्धि गर्न आवश्यक भएका योजनाहरु जस्तै गाउँपालिका भवन निर्माण सडकको नया ट्र्याक खोल्ने कार्य र स्तरोन्नति पक्की पुल र बसपार्कको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने कार्य सम्पन्न गरिएको छ गाउँपालिकाबाट संघ र प्रदेश सरकारमा डेलिकेसन गरि प्रतिवेदन सहित योजना मागका कृयाकलापहरुलाइ अगाडि बढाइएको छ ।

यी भए मुख्यमुख्य उपलब्धिहरु, अब म यहाँहरु समक्ष अथक प्रयासका वावजुत समयमा सम्पन्न गर्न नसकिएका कार्यहरुका बारेमा जानकारी दिने अनुमति चाहन्छु । स्थानीय निकायवाट स्थानीय सरकारको रुपमा स्थानीय तहमा पुनसंरचना भएको र पुनसंरचित तहको लागि आवश्यक पर्ने ऐन कानुन र जनशक्तिको कमीले गर्दा सोचे जति सफलता प्राप्त गर्न सकिएको छैन । आशातित सफलता प्राप्त गर्न नसकिएका मुख्य विषयहरु निम्नानुसार उल्लेख गरेको छु ।

- गाउँपालिकाको शहरी क्षेत्रको फोहोर व्यवस्थापनको लागि ल्याण्डफिल्ड साईट (कलेक्सन सेन्टर) खोजी गर्दा हाल सम्म पक्का भै नसकेकोले विकल्पको खोजी जारी राखिएको छ ।
- कार्य चापको अनुपातमा कर्मचारी समायोजन तथा नयाँ पद पूर्तिका योजनाको लागत इस्टिमेट, सुपरिवेक्षण र सम्झौता लगायत अन्य कार्यमा सेवाग्राहीलाई आवको सुरुवातमा छिटो छरितो सेवा दिन नसकिएको व्यहोरा समेत अनुरोध छ ।
- कोरोनाका कारण केहि टेन्डर प्रकृयामा भएका योजनाहरु अघाडि बढाउन नसकिएको व्यहोरा अवगत गराउन चाहान्छु ।

गुणेन्द्र घर्ति
अध्यक्ष

अध्यक्ष महोदय,

उपस्थित सम्पुर्ण महानुभावहरु,

अव म यस सुनिल स्मृति गाउँपाकिको आ.व. २०७७/०७८ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## आर्थिक विकास

### कृषि तथा पशुपन्छि विकास

- उत्कृष्ट कृषकहरुलाई उचित पुरुष्कारको व्यवस्था गरिने छ ।
- व्यरोजगार यूवाहरुलाई कृषिमा आकर्षित गरि रोजगारका लागि **"कृषिमा यूवा"** कार्यक्रमलाई अगाडि ल्याइने छ ।
- कृषकहरुलाई प्रोत्साहनका लागि **"ब्याज अनुदानको"** व्यवस्था गरिएको छ ।
- आफ्नो भूमिको अभावमा २० रोपनि भन्दा बढि जग्गा लिजमा लिइ व्यवसायिक खेति/पशुपालन/फलफुल खेती गर्ने कृषक समूहलाई नियमित प्राविधिक सहयोग उपलब्ध गराइने छ ।
- कृषि तथा पशुपन्छी सम्बन्धी व्यवसायलाई मर्यादित बनाउदै अर्गानिक उत्पादनमा जोड दिइने छ ।
- कृषि तथा पशुपन्छी विकासको विस्तारमा जोड दिइने छ । उत्पादित वस्तुको बजारलाई सुनुश्चित गरिने छ ।
- बिउ, मल, औषधि, दानाको सहज आपुर्तीमा तथा सक्रामक रोग नियन्त्रणमा जोड दिइने छ ।
- एक घर एक केरशावारी प्रवद्धनका लागि उन्नत तरकारी विउ विजनहरु निरन्तरता दिइने छ ।
- कृषक अध्ययन र प्रोत्सानका लागि कृषि भ्रमण कार्यक्रमलाई अगाडि ल्याइएको छ ।
- कृषि हाट बजारको व्यवस्था गरिने छ ।
- कृषकहरुलाई अनुदानमा कृषि औजार वितरणलाई विस्तार तथा निरन्तरता दिइने छ ।
- एक घर एक करेसावारी, एक फलफुल वगैचा र एक फुलवारीलाई सुरुवात गर्ने नीति अवलम्वन गरिने छ ।
- **"गाउँपालिकासँग कृषक कार्यक्रम"** अन्तर्गत अन्तरक्रिया र छलफललाई विस्तार गरिनेछ ।

- एक वडा एक कृषि प्राविधिक र उत्पादनलाई सुरुवात गरिनेछ ।
- हावापानी अनुसार मस्य पालन, माहुरी पालन कार्यक्रमलाई प्राथमिकता दिइने छ ।
- बाझो जग्गा प्रयोगमा ल्याइ युवा रोजगार श्रृजना गरिने छ ।
- पशुपालन कृषकहरुलाई पशुपालन सम्बन्धि तालिमको व्यवस्था गरिनेछ ।
- पशुमा उन्नत नस्ल सुधार गरिने छ ।
- करार तथा चक्ला वन्दि व्यवसाय खेतिलाई प्राथमिकता दिइने छ ।
- कृषिलाई आधुनिकीकरण, व्यवसायिक करण र विभिधि करण गरिने छ ।
- वडा नम्वर १, २ र ३ लाई खाद्यान्न, तरकारी, मसला पकेट क्षेत्र घोषणा गरिने छ ।
- वडा नम्वर ६ र ७ सुन्तला कागति तथा फलफुल पकेट क्षेत्र घोषणा गरिने छ ।
- वडा नम्वर १, २, ४ र ५ लाई मौरि पकेट क्षेत्र घोषणा गरिने छ ।
- वडा नम्वर १, ४, ५, ७ र ८ लाई मासु पकेट क्षेत्र घोषणा गरिने छ ।
- वडा नम्वर २, ३ र ६ लाई दुधं र ताजा तरकारी खेति पकेट क्षेत्र घोषणा गरिने छ ।
- वडा नम्वर ३ र ७ लाई ओखर, किविको पकेट क्षेत्र घोषणा गरिने छ ।

## पर्यटन विकास

- रेड स्वयल पार्क निर्माण गरि संचालनमा ल्याइने छ ।
- चतुर्भुज मन्दिर, त्रिपुरेश्वरी मन्दिर, गजुलकोट दरवार, खुंग्रीकोट दरवार र घोडाकोट शिवालय मन्दिरलाई थप व्यवस्थित तथा प्रचारप्रशार गरि आन्तरिक तथा वाह्य पर्यटकहरुलाई भित्र्याइने छ ।
- सुनिल पार्क र लिस्रे स्तम्भलाई निर्माण गरि सञ्चालनमा ल्याइने छ ।
- मयुर संरक्षण तथा गिद्ध संरक्षण क्षेत्रलाई थप व्यवस्थापन गरि सञ्चालनमा ल्याइने छ ।
- प्रत्येक वडामा वडागत पहिचान गरि सम्पदा संरक्षण एवम् पर्यटन पर्यटन विकासका कार्यक्रम सञ्चालन गरिने छ ।
- यस पालिकाबाट जनशक्ति परिचालन गरि होटेल तथा होम स्टे अवधारणालाई अगाडि बढाइने छ ।

- लिम्ने बटानिकल पार्क, मालरानीकोट शान्ति बाटिका, तेबाङ शहिद पार्क, भगाने गुफ्फा र चत्तुर्भुज माडि, लुंग्रि तटिय पार्कलाई व्यवस्थित तथा सञ्चालनमा ल्याइने छ ।

## उद्योग तथा बाणिज्य

- यस गाउँपालिका भित्र सञ्चालित उद्योग व्यवसायको संरक्षणका लागि विशेष प्रोत्साहन दिन नीति अवलम्बन गरिने छ ।
- बजारलाई अनुशासित र मर्यादित बनाउन तथा उपभोक्ताको हित संरक्षित गर्न बजार अनुगमनको व्यवस्था मिलाइने छ ।
- स्थानिय कच्चा पदार्थमा आधारित औद्योगिक ग्राम स्थापनाको प्रारम्भ गरिने छ ।
- सुन, तामा, शिसा, शिलाजी, चुन ढुङ्गा, खरि ढुङ्गा, फलाम र शिलाजीहरुको उत्खनको लागि अध्ययन कार्यलाई अगाडि बढाइने छ ।
- इट्टा, अल्लो धागो, साबुन, मिनिलर वाटर, बल्क, क्रेसर, स्यानिटर प्याड उद्योगको स्थापना र सञ्चालनमा ल्याइने छ ।

## सहकारी तथा वित्तिय क्षेत्र

- सहकारीलाई उत्पादनमूलक एवम् व्यवसायिक क्षेत्रमा केन्द्रित गरिने छ ।
- सहकारी संस्थाहरुको क्षमता विकासका लागि भ्रमणको व्यवस्था गरिने छ ।
- सहकारी संस्थाहरुको अभिलेखिकरणको व्यवस्था गरिने छ ।
- सहकारी बचतलाई सुरक्षित तुल्याउन विशेष सावधानीका उपायहरु अवलम्वन गरिने छ ।
- गाउँगाउँमा सहकारी घरघरमा भकारी भन्ने नारा अवलम्वन गरिने छ ।
- सहकारी संस्थाहरुलाई घरेलु तथा साना उद्योगमा लगानि तथा सञ्चालनका लागि प्रोत्सान गरिने छ ।

## रोजगारी

- यस पालिकामा रहेका श्रम शक्तिको सर्वेक्षण गरी तथ्याङ्क अद्यावधिक रुपमा राख्ने व्यवस्था मिलाइने छ ।
- लोक सेवा तयारी कक्षा सञ्चालनलाई निरन्तरता दिइने छ ।
- युवा रोजगारका लागि सुन चाल्ने कार्यक्रमलाई प्राथमिकतामा राखिने छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।
- पालिकाको भौतिक पूर्वाधारको क्षमता आवश्यक जनशक्तिको विकासका लागि । यसै आर्थिक वर्ष देखि युवाहरुलाई विविधतामा आधारित सिपमूलक तालिम प्रदान गरिने छ ।

- रोजगार सिजृनाका लागि आवश्यक अध्ययन र अवस्थाको पहिचान गरि प्रभावकारी बनाइने छ ।
- विद्यालय विमुख किशोरिहरुलाई स्यानिटरी प्याड निर्माण सम्बन्धि कार्यक्रम मिलाइने छ ।
- प्रत्येक नागरिक आर्थीक आत्म निर्भर वन्न श्रमको सम्मान र श्रम गर्दा मात्र सम्भव छ भन्ने कुरालाई आत्मवोध गराउने नीति अवलम्बन गरिने छ ।

## सामाजिक विकास

### शिक्षा

- माध्यामिक शिक्षा सम्मको शिक्षालाई निशूल्क गरिने छ । यसका लागि निजी श्रोतका शिक्षकहरुको व्यवस्थापन र विद्यालय संचालन खर्च समेतको व्यवस्था गरिने छ । कक्षा १२ सम्मको शिक्षालाई अनिवार्य शिक्षाको रुपमा अगाडि सारिने छ ।
- गाउँपालिका स्तरिय क्याम्पस स्थापनाको पहललाई निरन्तरता दिइने छ ।
- कक्षा ११ र १२ मा गाउँपालिका भित्र अध्ययनरत किशोरिहरुलाई **उपाध्यक्ष छात्रवृति** कार्यक्रमलाई अगाडि सारिने छ ।
- **विद्यार्थीसँग अध्यक्ष** कार्यक्रमलाई विस्तार गरिने छ ।
- विद्यार्थी, शिक्षक, व्यवस्थापन समिति र स्थानिय सरकार विचको अन्तक्रिया छलफललाई वृहत बनाइने छ ।
- **गाउँ शिक्षा समितिसँग विद्यालय** कार्यक्रमको व्यवस्था मिलाइने छ ।
- प्राविधिक शिक्षामा जोड दिइनुका साथै परम्परागत संस्कृतिको संरक्षण तथा पूर्वज्ञानको खोज गरी उपयोगी क्षेत्रमा प्रयोग गर्ने कार्यमा विद्यालयको भूमिकालाई अग्रणी तुल्याइने छ ।
- पालिकाद्धारा विद्यालयगत रुपमा शिक्षक तथा विद्यार्थीको शिक्षण सिकाइको निरन्तर मूल्याङ्कन गर्ने पद्धतिको विकास गरिने छ ।
- विद्यार्थीको शारिरिक, मानसिक तथा बौद्धिक विकासका साथै राष्ट्रिय भाव जागृत गराउने गरी अतिरिक्त क्रियाकलाप र क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने छ ।
- विद्यार्थी दिवा खाजा सम्बन्धि निश्चित मापदण्ड निर्धारण गरिने छ । सशर्त अनुदानबाट उपलब्ध हुने दिवा खाजा कार्यक्रमलाई थप विस्तार गर्दै जाने नीति लिइने छ ।

- अति विपन्न, जेहेन्दार, दलित, शहिद तथा घइते परिवारका विद्यार्थीहरुलाइ थप शैक्षिक सामाग्री उपलब्ध गराइने छ ।
- कम्तिमा एक वडा एक कक्षा १२ सम्मको विद्यालयलाई विस्तार गरिने छ ।
- डिजिटल प्रविधिबाट पठनपाठनको व्यवस्था यथाशीघ्र कार्यान्वयन गरिने छ र सामुदायिक विद्यालयका शिक्षकहरुको क्षमता विकासमा पनि विशेष जोड दिइने छ ।
- फरक क्षमता भएका विद्यार्थीहरुको उचित व्यवस्था मिलाइने छ ।
- नेपालि शिक्षालाई ध्यान दिदै कक्षा १ देखि अङ्ग्रेजि माध्यमबाट पठनपाठनको सुरुवात गरिने छ ।
- शिक्षामा गुणस्तर ल्याउन विद्यालय प्रशासन, शिक्षक, विद्यार्थी, अभिभावकहरुको भूमिकालाई स्वच्छ प्रतिश्प्रधा गराउदै मूल्याङ्कन र पुरुष्कृतलाई विस्तार गरिने छ ।
- अनुसाशन हिन शिक्षक, विद्यार्थी र अभिभावकलाई डण्ड, सजाएको नीति ल्याइने छ ।
- शिक्षा नै विकासको मेरुदण्ड हो भन्ने नीतिलाई अभिभावक र विद्यार्थीलाई आत्मबोध गर्ने नीति अवलम्वन गरिने छ ।

स्वास्थ्य

- कोभिड १९ रोग नियन्त्रणका लागि PCR, RDT परिक्षणलाई विस्तार गर्दै कोभिड १९ को खोजि कार्यलाई तिव्रता दिइने छ ।
- कोभिड १९ को प्राथमिक उपचार, आइसुलेसन र क्वारेन्टाइनको विस्तार र थप व्यवस्थापन गरि प्रभावकारी बनाइने छ ।
- प्राथमिक स्वास्थ्य केन्द्र सुलिचौरलाई १५ शैयाको अस्पतालमा स्तरोन्नति गरिने छ ।
- पहिलो प्राथमिकताका साथ स्वास्थ्य नै धन हो भन्ने नारालाई अवलम्वन गरिने छ ।
- रोग निदानको लागि औजार उपकरण तथा स्वास्थ्य सामाग्रिहरु खरिद गरिने छ ।
- संक्रमण निवारण सम्बन्धि स्वास्थ्यकर्मीहरुलाई तालिम तथा सामाग्रिहरुको व्यवस्था गरिने छ ।

- महिला स्वास्थ्य स्वंयमसेविहरुलाई आधारभूत तालिम, समिक्षा गर्दै उच्च मनोवलका लागि प्रोत्साहनको व्यवस्था मिलाइने छ ।
- चिकित्सक, नर्सिङ स्टाफ र अन्य कर्मचारीहरुलाई पोष्ट माटम तथा अतिरिक्त भत्ताको व्यवस्था मिलाइने छ ।
- शून्य होम डेलिभरि अभियान सञ्चालन गरिने छ ।
- गर्भवती आमासँग उपाध्यक्ष कार्यक्रमलाई विस्तार गरिने छ ।
- जेष्ठ नागरिक, महिला, किशोरि तथा बालबालिकाको स्वास्थ्य सेवालाई विशेष प्राथमिकताका साथ प्रदान गरिने छ ।
- अति विपन्न वर्गलाई स्वास्थ्य सेवाको पहुच स्थापना गर्न औषधोउपचार खर्चमा सहयोग गर्ने निती अवलम्वन गरिने छ ।
- शिशु, बाल र मातृ मृत्यूदर घटाउन ठोस कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- भिटामिन ए कार्यक्रम, पूर्ण खोप सुनिश्चिता तथा प्रसुति जाँच सेवालाई अझ सुदृढ तुल्याईने छ ।
- सामुदायिक स्वास्थ्य इकाइको दिगो र गुणस्तरिय व्यवस्थापन तथा विस्तार गरिने छ ।
- वडा नम्वर ३ र ५ मा आधारभूत स्वास्थ्य केन्द्रको स्थापना गरिने छ ।
- स्वास्थ्य संस्थासम्म सबै नागरिको पहुचलाई सुनिस्चित लुल्याईने छ ।
- बर्थिङ सेन्टरको सेवा गुणस्तर र सुदृढिकरणका लागि आवश्यक व्यवस्था गरिने छ ।
- नेपाल सरकारबाट सञ्चालित स्वास्थ्य विमा कार्यक्रमलाई थप प्रभावकारी बनाइने छ ।
- स्वास्थ्य आमा समुह गठनलाई गाउँपालिकामा दर्ता गरि सक्रिय बनाइने छ ।
- किशोर किशोरि मैत्रि कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।
- आधारभूत तथा माध्यामिक विद्यालयहरुमा किशोर किशोरि साथि शिक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।

## खानेपानी तथा सरसफाई

- एक घर एक धारा नीतिलाई थप प्रभावकारी बनाईने छ ।
- स्वस्थ्य र सुरक्षित खानेपानी उपलब्धतालाई सुनिश्चित गर्न पानी परीक्षण प्रविधिको अवलम्वन गरिने छ ।
- फोहोरमैला व्यवस्थापनको लागि पालिका स्तरिय कार्ययोजना तयार गरि कार्यान्वियन गरिने छ ।
- प्रत्येक मुहान, रिजर्भ ट्याङ्किलाई सरसफाइ तथा संरक्षण गरिने छ ।
- शुद्ध पानी पिउनका लागि प्रत्येक घर घरमा फिल्टरको नीति ल्याइने छ ।
- खानेपानी तथा मूल संरक्षण सम्बन्धी पानी सुरक्षा योजना कार्यक्रम सञ्चालन गरिने छ ।
- ढल, शौचालयको उचित व्यवस्थापन गरि बातावरणिय प्रदुषणलाई न्यूनिकरण गरिने छ ।
- टोल टोलको फोहोरलाई मोहोरको व्यवस्थापन गरिने छ ।

## संस्कृति प्रवर्धन

- विभिन्न जातजतिका भाषा, संस्कृति र भेषभुषालाई प्रवर्धन गर्ने व्यवस्था मिलाइने छ ।
- संस्कृति प्रवर्धनलाई आय आर्जनसँग आवद्ध गरिने छ ।
- विभिन्न धर्म संस्कृतिको संरक्षण र विकासमा टेवा पुर्याइने छ ।
- स्थानिय पञ्चेबाजा, मयूर, सिङ्गारु, पैसेरु, सराङ्गे र तरबार नाँचलाई संरक्षण तथा पुस्ता हस्तान्तरण गर्ने नीति ल्याइने छ ।
- लोप भएका तथा लोप उन्मुख अवस्थामा रहेका विभिन्न कला, संस्कृतिहरुलाई जगेर्ना गरिने छ ।
- विभिन्न चाँड पर्वहरुलाई व्यवस्थित, मर्यादित, अर्थपूर्ण र सन्देश मुलक बनाइने छ ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

- वडा तथा गाउँपालिका स्तरिय बाल अधिकार समिति गठन गरिने छ ।
- बाल विवाह अन्त्यका लागि बाल विवाह विरुद्धको रणनीति कार्यान्वयनमा ल्याइने छ ।
- गाउँपालिका स्तरिय बालिका सम्मेलन कार्यक्रम सञ्चालन गरिने छ ।
- महिला सहकारिहरुलाई थप व्यवस्थापनका लागि लेखा व्यवस्थापन तालिमको व्यवस्था गरिने छ ।
- हिंसा पिडित महिलाहरुको लागि अल्पकालिन सुरक्षित घर निर्माणलाई कार्यान्वयन गरिने छ ।
- टोल, कलष्टर, विद्यालय, वडा र गाउँपालिकालाई क्रमश बाल विवाह मुक्त गर्ने सुरुवति गरिने छ ।
- बाल संरक्षण कोष र लैङ्गिक हिंसा निवारण कोष सञ्चालनमा ल्याइने छ ।
- अपाङ्गता तथा जेष्ठ नागरिक परिचय पत्र वितरण कार्यलाई विस्तार गरिने छ ।
- जेष्ठ नागरिक मिलन केन्द्र र क्लब गठन सम्बन्धि कार्यविधि निर्माण गरि सञ्चालन गरिने छ ।
- अपाङ्गता भएका व्यक्तिहरुको लागि क्षमता विकास र रोजगारिका कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- उपाध्यक्ष न्यायिक पहुँच कार्यक्रमलाई थप बिस्तार गरिने छ ।
- न्यायिक समितिका पदाधिकारीहरुलाई तालिमको व्यवस्था गरि प्रभावकारी तुल्याइने छ ।
- महिला जनप्रतिनिधिहरुलाई क्षमता विकास तालिमको व्यवस्था गरिने छ ।
- बाल विवाह तथा दुर्व्यवहार विरुद्ध सरोकारवालाहरुसँग छलफलल गरिने छ ।
- अनाथ बालबालिकाहरुलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइने छ ।
- आदिवासि, जनजाति, अल्पसङ्ख्यक र दलित वर्गलाई संगठित रुपमा आर्थिक, सामाजिक र मानव विकासका क्रियाकलापहरुको सहभागितालाई सुनिस्चित गरिने छ ।
- जनजाती तथा दलित यूवाहरुलाई सिपमुलक तालिम सञ्चालनमा ल्याइने छ ।
- जातिय छुवाछुत तथा भेदभाव अन्त्य गर्न वस्तीवस्तीमा अन्तरक्रिया छलफल वहस तथा जनचेतना मुलक कार्यक्रम गरि छुवाछुत मुक्त टोल, कलष्टर, वडा र गाउँपालिका घोषणा गर्न सुरुवात गरिने छ ।

- समाजमा रहेका कुरिति, कुसस्कार, अन्धविश्वास र कुप्रथालाई अन्त्य गरिदै लगिने छ ।
- लैङ्गिक समान्ता तथा सामाजिक समावेशिकरण नीति बनाइने छ ।
- महिला विकास समितिहरुलाई गाउँपालिकामा दर्ता गरि सक्रिय बनाइने छ ।
- जेष्ठ नागरिकहरुमा रहेको ज्ञान, सिप र अनुभवलाई अन्तर पुस्ता हस्तान्तरण तथा लिपिवद्ध गर्दै उपयोग गरिने छ ।
- हरितालिका तिजलाई मर्यादित र सन्देश मुलक बनाइने छ ।
- शिक्षित, सुसंस्कृत, सम्वृद्ध, अनुशासित र सभ्य समाज निर्माण गर्न अभियानहरु सञ्चालन गरिने छ ।
- आधारभूत र माध्यामिक विद्यालयहरुमा लैंगिक हिंसा न्यूनिकरणका लागि शिक्षिकालाई फोकल पर्सनको व्यवस्था गरिने छ ।

## पूर्वाधार विकास

### सडक

- गाउँपालिकाबाट सबै वडा कार्यालयहरु सम्म बस सञ्चालनका लागि मोटरबाटोहरु स्तरोन्ति गरिने छ ।
- रुइनिबाङ, खाक्सिमेला, बाजाघाट हुदै छिर्ने "**बाइपास**" मोटरबाटो निर्माण कार्यलाई गौरवको योजना बनाई अगाडि बढाइने छ ।
- जुतुङखोलामा मोटरबाटो पुल गौरवको योजना बनाई यसै वर्ष सुरुवात गरिने छ ।
- हरेक रोडहरुको वर्गिकरण, मापदण्ड र कायम गर्दै रेकर्ड सहित नामाकरण कार्यलाई विस्तार गरिने छ ।
- वायु इञ्जिनियरिङ इस्टिमेटको आधारमा हरेकबाटोको थाइत्व र दिगोपन हुने गरि निर्माण गरिन् छ ।
- सुनिल मार्ग कालो पत्रेको लागि संघिय सरकार प्रकृया अघि बढाइएको छ ।
- छिर्ने र माडिखोलाको पुल निर्माण प्रकृयालाई अगाडि बढाइने छ ।
- संघ तथा प्रदेश सरकारबाट निर्माणमा रहेका सडकको निर्माण कार्य समयमै गुणस्तरीय रुपमा सम्पन्न गराउन आवश्यक सहयोग र समन्वय गरिनें छ ।
- गाउँपालिकाबाट सञ्चालित ट्याक ओपन भै पुरा नभएका सडकहरुको ट्याक ओपन कार्यालाई निरन्तरता दिइने छ ।
- सडक निर्माण कार्यलाई रोजगारसँग आवद्ध गराइने छ ।

- चतुर्भूज देखि लम्पुजासम्मको सडकलाई हरियालि सडकमा जोड दिइने छ ।
- सडक नालि निर्माणमा जोड दिइने छ । सार्वजनिक महत्वका पालिका स्तरिय सडक निर्माणमा जोड दीइने छ ।

## भवन तथा शहरी विकास

- सेवा प्रभाहलाई एकै छाना मुनिबाट One door System मा लैजाने गरी यसै आर्थिक वर्ष भित्र गाउँपालिका प्रशासकिय भवन र वडा भवन निर्माण कार्यलाई अगाडि बढाइने छ ।
- सुरक्षित जनता आवासलाई विस्तारका लागि पहल गरिने छ ।
- फुसको छानो विस्थापन कार्यक्रमलाई विस्तार गरिने छ ।
- सार्वजनिक निर्माणको कार्यमा निश्चित मापदण्ड निर्धारण गरी कार्यान्वयनमा ल्याइने छ ।
- घर नक्सा अभिलेखीकरणको कार्यालाई अगाडि बढाइने छ । घर नक्सा पासलाई अनिवार्य गरिने छ ।
- रुइनिबाङ तेबाङ सडक खण्ड जुतुङखोलामा पक्किपुल निर्माण कार्यलाई गौरवको योजना बनाइ अगाडि बढाइने छ ।
- गाउँपालिका स्तरिय वस पार्क निर्माण कार्यलाई गौरवको योजना बनाई निरन्तरता दिइने छ ।
- वडा नम्वर ५ को स्वास्थ्य चौकि भवन निर्माण कार्यलाई अगाडि बढाइने छ ।
- प्राथमिक स्वास्थ्य केन्द्र सुलिचौर, मिझिङ, तेबाङ र अरेश स्वास्थ्य चौकिहरुको भवन निर्माण र जग्गा खरिदको प्रकृयालाई अगाडि बढाइने छ ।
- सुलिचौर, रुइनिबाङ, फर्साचौर, बर्जिबाङ, छिर्ने, बाजाघाटलाई सेटलाइट शहरको रुपमा विकास गरिने छ ।

## सिचाई

- कृषि योग्य भूमिमा सिचाई सुविधा उपलब्ध गराउन लागत साझेदारीमा आधारित कार्यक्रम सञ्चालनमा गरिने छ ।
- विगतमा सञ्चालमा रहेका र अन्य पूर्वाधार निर्माणको क्रममा नासिएका सिचाई कुलोहरुलाई पुन सञ्चालनमा ल्याइने छ ।
- थोपा सिचाई, स्पेरिङ पाइप सिचाई, पलाष्टिक र रिचार्ज पोखरी जस्ता कार्यक्रमलाई थप प्रभावकारी बनाइने छ ।
- लिफ्ट सिचाई आयोजना प्रकृयालाई अघि बढाइने छ ।

## सञ्चार

- पालिका भित्रका सवै स्थानहरुमा मोबाइल टावरको पहुँच पुर्याउनका लागि आवश्यक पहल गरिने छ ।
- गाउँपालिका भित्रका विद्यालय, स्वास्थ्य संस्था वडा कार्यालय र सार्वजनिक स्थानहरुमा इन्टरनेट सेवा विस्तार गरिने छ ।
- चिठ्ठि पत्र तथा अन्य कार्यालय सम्बन्धिको कामकाजलाई ईमेल तथा म्यासेज मार्फत कार्वान्यिवन गर्ने प्रकृयाको सुरुवात गरिने छ ।

## अन्य

- वडा नं. १, ५, ७ र ८ को विद्युत विस्तार विद्युतिकरणलाई यसै वर्ष पुरा गर्ने प्रकृयालाई अघाडि बढाइने छ ।
- पूर्ण उज्यालो सुनिलस्मृति गाउँपालिका कार्यक्रमलाई अगाडि बढाइने छ ।
- **बस्तीवस्तीमा अध्यक्ष** कार्यमलाई विस्तार गरिने छ ।
- मर्मत सम्भार विशेष कोष सञ्चालनमा ल्याइने छ ।
- अधुरा र क्रमागत गाउँपालिकाका गौरवका योजनाहरुको कार्यान्वयलाई तिव्रता प्रदान गरिने छ ।
- गाउँपालिका भित्र कार्यक्षेत्र रहेका संघसस्था तथा यूवा क्लवहरुलाई गाउँपालिकामा अनिबार्य सुचिकृत गरिने व्यवस्था मिलाइने छ ।

## सार्वजनिक सेवा तथा क्षमता विकास

## सुशासन प्रवर्द्धन

- सेवा प्रवाह गर्ने कार्यालयहरुलाई सेवा प्रवाह गर्न आवश्यक श्रोत र साधनको व्यवस्था गरिने छ ।
- नागरिक वडापत्रलाई समयसापेक्ष अद्यावधिक गरी प्रयोगमा ल्याइने छ ।
- पालिकाका सवै निर्णय तथा पालिकामा कार्यक्षेत्र रहेका सबै संघ/संस्था एंव निकायका निर्णयहरु सार्वजनिक गर्नुपर्ने व्यवस्थालाई कडाइका साथ कार्यान्वयनमा ल्याइने छ ।
- आर्थिक पारदर्शिता कायम गर्न सवै निकायको आम्दानी खर्च चौमासिक रुपमा सार्वजनिक गर्नुपर्ने व्यवस्था मिलाइने छ ।
- खरिद प्रकृयालाई थप पारदर्शी एवं प्रतिशपर्धी बनाउन E-Bidding लगायतका अन्य विधिहरु अवलम्वन गरिने छ ।

पुष्पेन्द्र घर्ति
अध्यक्ष

- सर्वसाधारणको गुनासो व्यवस्थापन गर्ने उद्देश्यले टोल फ्रि नम्वरलाई विस्तार गरिने छ ।
- किसानका लागि मल, विउ विषादि विद्यार्थीहरुका लागि पाठ्यपुस्तक यथासमयमा उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।
- गाउँपालिकाबाट हुने हरेक गतिविधि सर्वसाधारण समक्ष पुर्याउने उद्देश्यले तयार गरिएको रेडियो कार्यक्रम जनतासँग सुनिलस्मृति गाउँपालिकालाई विस्तार गरिने छ ।
- हरेक सार्वजनिक निकायले चौमासिक रुपमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने व्यवस्थालाई कडाइका साथ लागु गरिने छ ।
- सरोकारवालाहरुको उपस्थितिमा पालिकाको चौमासिक एवं बार्षिक प्रगति समिक्षा गर्ने व्यवस्था मिलाइने छ ।
- कर्मचारी र सेवाग्राहिहरु विचको सम्बन्धलाई सुमधुर बनाइने छ ।
- यस गाउँपालिका अन्तर्गतका सम्पूर्ण कार्यालयहरुबाट प्रदान गरिने सेवा सुविधालाई छिटो, छरितो, पारदर्शि र प्रविधिमैत्री बनाइने छ ।

## राजश्व नीति तथा प्रशासन

- पालिकाले निर्धारण गर्ने कर, दस्तुर, शुल्क तथा जरिवाना दरलाई वैज्ञानिक करदातामैत्री र सूचना प्रविधिमा आधारित तुल्याइने छ ।
- आन्तरिक आयमा सबै नागरिकको सहभागिता सुनिस्चित गर्नेगरि करको दायरा विस्तार गरिने छ ।

## मानव संशाधन तथा संस्थागत क्षमता विकास

- पेशागत रुपमा तालिम अन्तक्रिय गोष्ठि अध्ययन अवलोकन भ्रमणको व्यबस्था मिलाइने छ साथै सोको अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई प्रभावकारी बनाइने छ ।
- गाउँपालिका स्थित सवै विद्यालय, स्वास्थ्य चौकीमा इन्टरनेट सेवा विस्तार गरि सूचना प्रविधिमैत्री सुनिलस्मृति गाउँपालिकाको अवधारणालाई आत्मसात गरिने छ ।
- आयोजना कार्यान्वयन गर्दा लागत अनुमान अनिवार्य रुपमा सार्वजनिकीकरण, सार्वजनिक सुनुवाइलाई अर्थपूर्ण र आम सहभागितामूलक तुल्याइने छ ।
- आन्तरिक लेखा परिक्षणालाई प्रभावकारी तूल्याइने छ ।

पुष्पेन्द्र घर्ति
अध्यक्ष

- नागरिक सन्तुष्टिका आधारमा कार्यशैली एवं व्यवहार परिवर्तनमा जोड दिइने छ ।
- सार्वजनिक पदधारण गरेका पालिका भित्रका पदाधिकारी तथा राष्ट्रसेवक कर्मचारी लगायत प्रत्येक परिवारसँग कार्यसम्पादन करार गरी पालिकाको आर्थिक स्तर सुधार ल्याउनका साथै नागरिक दायित्वबोध गराइने छ ।
- उत्पादन र उत्पादकत्वमा आधारित पालिका प्रोत्साहन प्रणाली यसै आर्थिक वर्ष देखि प्रारम्भ गरिने छ ।
- पालिकाको सूचना तथ्याङ्क प्रणालीलाई चुस्त एवं जनताको पहुँच सम्म विस्तार गरिने छ ।
- जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।
- कर्मचारीहरुको क्षमता अनुसार जिम्मेवारी दिइ परिचालन गरिने छ ।

## बन वातावरण तथा विपत् व्यवस्थापन

- संघ तथा प्रदेश सरकारसँगको समन्वयमा वन क्षेत्रको संरक्षण तथा विकासमा जोड दिइने छ ।
- सामुदायिक वन उपभोक्ता समुहसँगको समन्वयलाई अर्थपूर्ण र पारदर्शिता तुल्याइने छ ।
- एक घर एक बोट कार्यक्रमलाई अगाडि बढाइने छ ।
- विकास निर्माण तथा वस्ती विकासका हरेक गतिविधिलाई वातावरण मैत्री तुल्याइने छ ।
- फोहोरमैला तथा सरसफाइ क्रियाकलाप वातावरण मैत्रै तुल्याइने छ ।
- विपद् व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गरिने छ ।
- मुख्य बजार तथा बजारोन्मुख क्षेत्रमा केन्द्रित फोहोर मैलाको उचित व्यवस्थापनको लागि ल्याण्डफिल साईट निर्माण प्रक्रिया अघि बढाइने छ ।
- आगलागी नियन्त्रणको लागि सवै सामुदायीक बनहरुमा अग्निरेखा निर्माण तथा पोलि व्याग खरिद गरिनेछ ।
- गाउँपालिका/टोल विकास स्तरमा विपद व्यवस्थापन संरचना निर्माण गरिने छ ।
- प्रत्येक वडामा न्यूनतम र अत्यावश्यक सामाग्रि/औजारहरु तयारी अवस्थामा राखिने छ ।
- क्वारेन्टाइन, आइसोलेसन तथा कोभिड प्रभावीत क्षेत्रलाई उच्च सतर्कता अपनाइ भाइरस मुक्त बनाइने छ ।

- महामारी जन्य रोग रोकथाम सचेतना अभियान सञ्चालन गरिनेछ ।
- विपत् व्यवस्थापन समितलाई सक्रिय बनाइने छ ।
- विपत् सम्बन्धि पूर्व सूचना प्रणालिको व्यवस्था गरिने छ ।
- जनवायु अनुकुलन कार्यक्रमहरु अगाडि बढाइने छ ।
- आर.आर.टि. टिम तयार गरि विपतको अवस्थामा परिचालन गरिने छ ।

अन्तमा "समृद्ध, सुखी, समतामुलक सामाजिक सदभाव सहितको नवीनतम प्रविधि र सुशासनयुक्त सुन्दर सुनिलस्मृति गाउँपालिका" बनाउनको लागि आगामी आ. व. मा पनि भरपुर क्षमता प्रर्दशन गर्ने सबै जनप्रतिनिधि राष्ट्र सेवक कर्मचारी, बुद्धिजीवी, राजनितिक दल विभिन्न संघ संस्था, निजि क्षेत्र, पत्रकार जगत र सुनिल स्मृति गाँउपालिकाका सबै जन समुदायमा विशेष सहयोगको र सुझावको अपेक्षा गर्दछु ।

धन्यवाद

प्रस्तोता
नमराज थापा
सामाजिक विकास समिति संयोजक

तयार गर्ने
सुनिलस्मृति गाउँपालिका
सुलिचौर, रोल्पा